जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

बर्षः १२, अंकः २५१ पृष्ठः ४ २०८२ माघ १४ बुधबार (Wednesday 28 Jan. 2026) मूल्य रु. ५।- इमेल : mgnd2070@gmail.com

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

## प्रादेशिक अस्पतालबाट शव साटिएको तथ्य खुल्यो, दुई जना नियन्त्रणमा









**मिथिलेश यादव**

लहान, १३ माघ। लहानस्थित रामकुमार सारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालको शव गृहमा राखिएको निशाको शव अस्पतालले अर्कैलाई दिएपछि परिवारले शव माग्दै पूर्वपश्चिम राजमार्गको गोलबजार खण्ड अवरुद्ध गरेका छन्। निशाको परिवार तथा आफन्तजन निशाको शव ल्याउ, अस्पतालका मेडिकल सुपरिडेन्टेन्ट डा. रञ्जीत झा, अध्यक्ष रामनारायण मेहतालाई कारवाहीको माग गर्दै दिउँसो १ बजेदेखि राजमार्ग अवरुद्ध छ।

गत शनिबार सिरहाको गोलबजार नगरपालिका-३, जम्दह निवासी पूर्णबहादुर बानियाँकी करिब १६ वर्षीया छोरी निशा आफ्नै घरमा झुन्डिएको अवस्थामा मृत भेटिएकी थिइन्। इलाका प्रहरी कार्यालय गोलबजारले आवश्यक मुचुल्का गरी पोस्टमार्टमका लागि शव रामकुमार शारदा उमा प्रसाद मुरारका प्रादेशिक अस्पताल, लहान पठाएको थियो।

सोही दिन पोस्टमार्टमका लागि अस्पतालको शव गृहमा अर्की किशोरी सप्तरीको खडक नगरपालिका-१, करबोंना निवासी १६ वर्षीया राधिका साहको शव पनि ल्याइएको थियो। पोस्टमार्टमपछि एउटा शव बाहिर निकालियो। त्यो शव राधिकाको भएको भन्दै उनका आफन्तलाई जिम्मा लगाइयो। आफन्तले शव घर नलगी शव लहान नजीकैको बलान खोला किनारमा दाहसंस्कार गरेका थिए।

निशाको परिवार वैदेशिक रोजगारका लागि मुम्वइमा थिए। छोरीको मृत्युको खबर पाएर उनीहरु घर फर्के। सोमबार बिहान आमा-बुबा भारतको मुम्बइबाट आएपछि दिउँसो १ बजे पोस्टमार्टम गराउनका लागि लहान अस्पताल पुगे। अस्पतालले पोष्टमार्टमका लागि प्रक्रिया सुरु गर्यो। तर, आमा-बुबाले शव हेर्दा निशाको नभएको बताएपछि यो शव राधिका साहको भएको खुल्यो। त्यसपछि अस्पतालको लापरर्वाही छताछुल्ल भयो।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट रञ्जित झाले भने निशाकै परिवारले शव बुझिसकेको र पछि मात्र आफ्नो नभएको दाबी गरेपछि शव हेरफेर भएको थाहा भएको भन्दै सुरुमा पन्छिन खोजे। तर, निशाको आमा-बुबाले आफु भारतबाट सोमबार मात्र आएर सीधै अस्पताल आएको र शव हेर्दा आफ्नी छोरीको नभएको पाएको बताएपछि डा. झाले कुरा फेरे। त्यसपछि उनले आफ्नो दायीत्य पीडित पक्षलाई यसरी सम्झाउन खोजे ,'हाम्रो दायीत्व भनेको पोष्टमार्टम गरिदिने हो बाँकी बुझाउने प्रक्रिया प्रहरीले गर्छ। तर, शवगृहमा शव राख्दा 'कोडिङ' गर्नुपर्ने प्रावधान छ। अस्पतालले यो काम गरेको पाइएन। यस विषयमा उनले प्रष्टिकरण दिए,'यस अस्पतालमा शव कोडिङ गर्ने चलन छैन्। डा. झाले शवको कोडिङ 'इथिकल' भएपनि यस अस्पतालमा यो गर्ने प्रचलन नरहेको प्रष्टोक्ति दिएका छन्।

अस्पताल सञ्चालक समितिका अध्यक्ष रामनारायण मेहताले शव

**-बाँकी तीन पेजमा**

## बालेन, महेश, हर्क, निकोलसलाई आयोगले सोध्यो स्पष्टीकरण



काठमाडौं, १३ माघ। निर्वाचन आयोगले पाँच जना उम्मेदवारलाई स्पष्टीकरण सोधेको छ। निर्वाचन आचारसंहिता उल्लंघन गरेको भन्दै आयोगले झापा-५ का बालेन्द्र शाह, भक्तपुर-२ का महेश बस्नेत, सुनसरी-१ का हर्क साम्पाङ र रुपन्देही-२ का निकोलस भुसाललाई स्पष्टीकरण सोधेको हो। बालेनमाथि त्यही क्षेत्रका उम्मेदवार केपी शर्मा ओलीलाई सामाजिक सञ्जालमा गरेको अमर्यादित टिप्पणीका आधारमा स्पष्टीकरण सोधिएको छ। बस्नेतलाई बालेनलाई असभ्य शब्द प्रयोग गरेकोलगायतका विषयमा, साम्पाङलाई चुनाव प्रचारमा बालबालिका प्रयोग गरेको, टिसर्ट लगाउन लगाएको विषयमा र भुसाललाई नवयुवा आन्दोलनको जुत्ता चुनाव चिह्न भनि प्रचार गरेको भन्दै स्पष्टीकरण सोधिएको हो। यस्तै आयोगले भक्तपुर-२ की उम्मेदवार जानुका पाठकलाई पनि उम्मेदवारमाथि घृणाजन्य टिप्पणी गरेको भन्दै स्पष्टीकरण सोधेको छ।

## मूर्ति सेलाउनेक्रममा विवाद भएपछि संयमता अपनाउन प्रशासनको आग्रह

काठमाडौं, १३ माघ। रौतहटमा सरस्वती पूजाको मूर्ति सेलाउने क्रममा परोहा नगरपालिका-९ रामपुरखाप गाउँमा दुई समुदायबीच विवादपछि जिल्ला प्रशासन कार्यालयले संयमता अपनाउन आग्रह गरेको छ। जिल्ला प्रशासन कार्यालय रौतहटले धार्मिक, सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राख्न सबै पक्षलाई संयमित हुन आग्रह गरेको हो। प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालद्वारा जारी अपिलमा राजनीतिक दलको सहभागितामा स्थानीय अगुवासँग छलफल गरी समस्याको समाधान गरिने उल्लेख छ।

मूर्ति सेलाउन गइरहेको टोली र फरक समुदायका केही नागरिकबीच शुरु भएको भनाभनाले हिजो

**-बाँकी तीन पेजमा**




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं ।**

- हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ, त्यसैलेः
- सावधानीपूर्वक सवारीसाधन चलाऔं,
- सवारी चलाउनु पहिले सवारीको यान्त्रिक परीक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ती (फग लाइट) बालेर मात्र सवारीसाधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा आवश्यकताअनुसार हर्नको प्रयोग गरौं,
- तीव्र गतिमा सवारीसाधन नचलाऔं,
- सवारीसाधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,
- सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## स्पष्टीकरणमै सीमित नहोस् निर्वाचन आयोग

यसपटक निर्वाचन आयोग पहिलेभन्दा अपेक्षाकृत बढी सक्रिय देखियो आचार संहिता पालन गराउने सन्दर्भमा। आचारसंहिता उल्लंघन गरेको आरोपमा केही चर्चित उम्मेदवारहरूसमेतसँग स्पष्टीकरण सोधिनु सकारात्मक हो। निर्वाचन प्रचारमा बालबालिकाको प्रयोग, अशिष्ट टिप्पणी, झुटा दाबी, सरकारी स्रोतको दुरुपयोगजस्ता विषयमा परेका उजुरीका आधारमा आयोगले तत्कालै कारबाही गर्ने सक्रियता देखायो। कोसी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीलगायत उम्मेदवारहरूसँग स्पष्टीकरण सोधेर आयोग निर्वाचनको स्वच्छताप्रति चनाखो रहेको सन्देश दिएको छ।

कतै आयोगको सक्रियता स्पष्टीकरण सोध्ने चरणमै सीमित रहने त होइन रु उजुरी नपरी अपराध नदेख्ने परम्परागत सरकारी अभ्यासबाट निर्वाचन आयोग पनि मुक्त हुनसकेको छैन। निर्वाचनजस्तो संवेदनशील प्रक्रियामा नियामक निकायले उजुरीको प्रतीक्षा गर्नु स्वच्छताका लागि पर्याप्त हुँदैन। आचारसंहिता उल्लंघन सार्वजनिकरूपमै देखिँदा आयोगले स्वतः संज्ञान नलिने हो भने यो अभ्यास बिस्तारै खोक्रो बन्छ। नेपालमा ठूलालाई ऐन, सानालाई चैनऽ भन्ने भनाइ व्यवहारमा बारम्बार पुष्टि हुँदैआएको छ। आचारसंहिता कार्यान्वयनमा पनि त्यही दोहोरो मापदण्ड लागु हुने हो कि भन्ने शंका स्वाभाविक छ।

प्रभावशाली उम्मेदवार वा सरकार निकट देखिएकाहरूप्रति आयोग उदार र कमजोर उम्मेदवारप्रति कठोर देखियो भने निर्वाचनको विश्वसनीयतामाथि गम्भीर प्रश्न उठ्नेछ। निष्पक्षता देखिनुमात्र होइन अनुभूत पनि हुनुपर्छ। आवश्यक र उचित ठाने आयोगले आफैँ संज्ञान लिएर पनि उम्मेदवार, राजनीतिक दल, सरकारी निकाय र पदाधिकारीसँग स्पष्टीकरण सोध्नुका साथै कानुनबमोजिम कारबाही गर्न पनि हिचकिचाउनु हुँदैन। एउटा निर्वाचनमा आयुक्तहरूले दृढतापूर्वक दण्डको उदाहरण प्रस्तुत गर्न सके भने त्यसले दीर्घकालीन रूपमा आचारसंहिता पालना गर्ने संस्कार बसाल्छ।

अर्को गम्भीर चुनौती सामाजिक सञ्जालमार्फत फैलाइने भ्रामक सूचना हो। प्रायोजित प्रतिक्रिया, जाली समर्थन र झुटा प्रचार मतदातालाई प्रभावित पार्ने नयाँ तरिका बनेका छन्। यो प्रत्यक्षरूपमा पैसा बाँडेजस्तै अनैतिक अभ्यास हो। यस्ता गतिविधि निगरानी र नियन्त्रण नगरे आयोगको सक्रियता कागजी देखिनेछ। जे होस्, निर्वाचन आयोगको विश्वसनीयताको कसी स्पष्टीकरणको संख्या नभएर निष्पक्ष र इमानदार कारबाहीबाट लाग्नेछ। आयुक्तहरूले ऋषिमन देखाउन सकेमात्र नैतिक शक्ति आर्जन गर्नेछन्। यसैले आचार संहिताको मर्म आयुक्तहरूले बुझ्नु पनि पर्छ।


## माईग्रेसन सर्टिफिकेट हराएको सूचना

मिति २०८२/०७/०७ गतेका दिन घरदेखि सिरहा आउने क्रममा मेरो माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिन हुन अनुरोध गर्दछु।

**नाम : सुरेश कुमार यादव**
**ठेगाना : गा.वि.स. बरियारपट्टी–१, सिरहा**
**रजिष्ट्रेशन नं 6-2-14-30-2014**
**मोबाइल नम्बर : ९७०५४६४३४१**

## शैक्षिक प्रमाण-पत्र हराएको सूचना

मिति २०८२/०७/०७ गतेका दिन घरदेख लहान आउने क्रममा मेरो नेपाल नर्सिङ्ग परिषद्को सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनु हुन अनुरोध गर्दछु।

**नाम : सुनिता कुमारी लामा**
**ठेगाना : धनगढी–९, सिरहा**
**रजिष्ट्रेशन नं 34694**
**मोबाइल नम्बर : ९८२९७३९९९**


# योग्य, उम्मेदवार र राम्रो पार्टीलाई समेत जनताले किन भोट दिँदैनन् ?



**विश्वास दीप तिगेला**

राम्रो नैतिकता र राम्रो भिजन भएको योग्य उम्मेदवार र राम्रो नीति भएको राजनीतिक पार्टीलाई पनि किन नेपाली जनताले भोट दिँदैनन् ? किनकि नेपालीहरूले मतदान गर्दा विभिन्न मापदण्डहरूलाई आधार बनाउने गरेको पाइन्छ। आफ्नो राजनीतिक पार्टीप्रति निष्ठा, आफ्नै वंश वा नातागोताका उम्मेदवारलाई समर्थन गर्ने प्रवृत्ति, विगतमा अप्ठ्यारो परेको समयमा कसले सहयोग गर्‍यो भन्ने आधारमा गुण फर्काउने सोच, आफ्नो शत्रुको ठीकविपरीत उम्मेदवारलाई भोट दिने व्यवहार, आफू वा आफ्ना परिवारका सदस्यलाई कसले जागिर दिलायो, भविष्यमा जागिर वा अन्य अवसर कसबाट प्राप्त हुन सक्छ, भोलि अप्ठ्यारो पर्दा कसले सहयोग गर्न सक्छ भन्ने आशा, तथा साथीसंगीको प्रभावमा परेर पनि मतदान गर्ने गर्दछन्।

फ्रान्सका पूर्वसम्राट नेपोलियन बोनापार्टले भनेका थिए– मानिसहरू ठुला नीति होइन, साना प्रतीक, सम्मान, भावनात्मक कुरा र झुटा आश्वासनमा सजिलै आकर्षित हुन्छन्। त्यस्तै बेलायतका पूर्वप्रधानमन्त्री विन्स्टन चर्चिलले पनि भनेका छन– धेरै मतदाताले नीति, योग्यता र दीर्घकालीन प्रभावभन्दा पनि नारा, जात, धर्म, क्षेत्र, क्षणिक फाइदालाई प्राथमिकता दिन्छन्। यी दुई भनाइसँग मिल्दोजुल्दो प्रवृत्ति नेपाली समाजमा पाइन्छ।

अझ थप विकृति पनि छ, त्यो भनेको पैसा दिने र भोट दिनुपर्छ भनी कसम खुवाउने, तामा छुवाउने, वा मासु–रक्सी जसले खुवाउँछ, त्यही व्यक्तिलाई भोट दिने प्रवृत्ति। राजनीतिक पार्टीसँग आबद्ध नभएका व्यक्ति जो आफैँमा सक्षम छन्, कसैको निगाह र सहयोग नचाहिने अवस्थाका व्यक्तिले भने पार्टी र उम्मेदवारको घोषणापत्र तथा नीतिको आधारमा मतदान गर्ने गरेको पाइन्छ। त्यस्ता व्यक्तिले सधैँ एउटै पार्टी भनिरहँदैनन्, राम्रा व्यक्ति र पार्टीलाई मतदान गर्ने गर्दछन्। त्यस्ता व्यक्ति तथा परिवार सहरी क्षेत्रमा बढिरहेका हुन्छन्, तर यी वर्गका मतदाताहरू कुल मतदाताहरूमध्य कति प्रतिशत छन्, यकिन गर्न गाह्रो छ।

नेपाली समाज जातको नाममा विभाजित छ, धर्मको नाममा विभाजित छ, भौगोलिक क्षेत्रीयताको नाममा विभाजित छ, धनी गरिब वर्गीयताको नाममा विभाजित छ र लैङ्गिक हिसाबले पनि विभाजित छ, तर विशेषतः नयाँ पुस्ताहरूमा यी कुराहरूको प्रभाव छैन वा कम छ र शहरीया शिक्षित वर्गमा पनि कम भएको मान्न सकिन्छ। अझ गहिरिएर यी विषयहरूमा तल चर्चा गरौँः

नेपालमा लोकतान्त्रिक व्यवस्था स्थापित भएको लामो समय भइसक्दा पनि चुनावी परिणामहरू हेर्दा योग्यता, नैतिकता र दीर्घकालीन भिजन भएका उम्मेदवार तथा स्पष्ट नीति बोकेका राजनीतिक पार्टीहरू अपेक्षाकृत कमजोर देखिन्छन्। यसको सट्टा, पटक–पटक उही अनुहार र उही प्रवृत्ति दोहोरिएको देखिन्छ। यसले नेपाली समाज र राजनीतिक संस्कृतिभित्रको समस्याले गहिरो रूपमा जरा गाडेका केही यथार्थलाई उजागर गर्छ। नेपाली समाजमा राजनीतिप्रतिको विश्वास क्रमशः कमजोर बन्दै गएको छ। विगतमा गरिएका वाचा पूरा नहुनु, भ्रष्टाचारका घटना दोहोरिनु र सत्तामा पुगेपछि जनताको आवाज सुन्ने संस्कार कमजोर हुनुका कारण 'राम्रो मान्छे आए पनि केही बदलिँदैन' भन्ने सोच धेरैमा बसिसकेको छ। यस्तो निराशावादी मानसिकताले इमानदार र भिजनयुक्त उम्मेदवारलाई पनि भोट दिन नचाहने अवस्था सिर्जना गरेको छ।

अर्को महत्त्वपूर्ण कारण आर्थिक अवस्था हो। ठुलो संख्यामा जनता दैनिक जीवनयापनकै चिन्तामा छन्। दीर्घकालीन नीति, सुशासन र संरचनागत सुधारभन्दा तत्कालीन राहत, व्यक्तिगत सहयोग वा सानो फाइदाले मतदातालाई आकर्षित गरेको पाइन्छ। यसले राम्रो नीति बोकेका पार्टीहरूलाई कमजोर बनाउँछ, किनकि उनीहरूको एजेन्डा तुरुन्त देखिने लाभभन्दा भविष्यकेन्द्रित हुन्छ।

नेपाली समाजमा जात, क्षेत्र, नातागोताको राजनीति अझै प्रभावशाली छ। धेरै मतदाताले उम्मेदवारको नैतिकता वा क्षमतालाई भन्दा पनि 'आफ्नो मान्छे' भन्ने आधारमा निर्णय गर्छन्। यसले योग्य भए पनि बाहिरबाट आएका, नयाँ सोच बोकेका वा परम्परागत सञ्जालमा नजोडिएका उम्मेदवारलाई घाटा पुर्‍याउँछ। राजनीतिक शिक्षा र सूचनाको अभाव पनि ठुलो समस्या हो। धेरै मतदाताले पार्टीका घोषणापत्र पढ्ने, नीतिगत भिन्नता बुझ्ने वा उम्मेदवारको दीर्घकालीन दृष्टि विश्लेषण गर्ने अवसर वा बानी पाएका छैनन्। भावनात्मक भाषण, लोकप्रिय नारा र सामाजिक सञ्जालमा फैलिने गलत सूचनाले मतदाताको सोच सजिलै प्रभावित हुने गरेको छ। चुनावी प्रक्रियामा पैसाको प्रभाव बढ्दै जानुले नैतिक र सक्षम उम्मेदवारहरू झन् पछाडि पर्दै गएका छन्। ठुलो खर्च गरेर प्रचार गर्न सक्ने, प्रभावशाली सञ्जाल चलाउन सक्ने र शक्ति प्रदर्शन गर्न सक्ने उम्मेदवारहरू बढी देखिने भएकाले जनताको ध्यान पनि उनीहरूतर्फ नै जान्छ। राम्रो नीति र भिजन भए पनि प्रचार र स्रोतको अभावले त्यस्ता उम्मेदवार ओझेलमा पर्छन्।

अन्ततः राज्यका संस्थाहरू बलियो नहुनु र कानुनको प्रभावकारी कार्यान्वयन नहुनुले जनताको आशा कमजोर बनाएको छ। राम्रो नीति भएका पार्टीहरू पनि सत्तामा पुगेपछि संस्थागत बाधा, आन्तरिक राजनीति र पुरानै संरचनाका कारण अपेक्षित काम गर्न नसक्दा जनतामा 'नीति कागजमै सीमित हुन्छ' भन्ने धारणा बलियो भएको छ। यसरी हेर्दा, नेपाली जनताले राम्रो नैतिकता, राम्रो भिजन र राम्रो नीति भएका योग्य उम्मेदवार वा पार्टीलाई भोट नदिनु केवल चेतनाको कमी मात्र होइन, यो सामाजिक, आर्थिक र संस्थागत समस्याहरूको परिणाम हो। जबसम्म राजनीतिक शिक्षा, आर्थिक सुरक्षा र संस्थागत विश्वास बलियो हुँदैन, तबसम्म लोकतन्त्रमा गुणस्तरभन्दा पनि प्रभाव र पहुँच नै निर्णायक भइरहने देखिन्छ।

विभिन्न तहमा, क्षेत्रमा, पार्टी केन्द्रदेखि टोल कमिटीसम्म पार्टीको संगठन र सिन्डिकेटका कारण पनि मतदानमा निर्णायक भूमिका खेल्ने भएकोले लोकप्रिय, जनप्रिय नेता तथा राजनीतिक पार्टीलाई नैतिक समर्थन हुनसक्छ, तर मतदानको सहयोग प्राप्त नहुन सक्छ। तथापि सबैमा यो कुरा लागु हुँदैन। धेरै नेपालीले चुनावलाई राष्ट्रिय पर्वको रूपमा लिन्छन् र अन्य मुलुकको तुलनामा अत्यधिक नेपालीहरू मतदानमा सहभागी हुने गर्दछन्। पार्टीभित्र अवसरबाट वञ्चित पार्टीकै नेता कार्यकर्ताहरूले विद्रोह गर्ने, दलभित्र अन्तर्घात गर्ने, दलदलबिच साँठगाँठ गर्ने संस्कार भएकोले सधैँ योग्य, नैतिकवान उम्मेदवार र पार्टीलाई जनताले भोट दिँदैनन्। पछिल्लो समय नेपाली समाज पनि सोसल मिडियामा परनिर्भर भइदिँदा डिपस्टेट अर्थात् प्रभावशाली बाहिरिया मुलुकका विभिन्न निकायहरूको भूमिकाले ठुलो असर पर्ने गरेको देशविदेशको अभ्यासमा देखिन्छ। जस्तैः फेसबुक, एक्स, इन्स्टाग्राम, युट्युबहरू अमेरिकाद्वारा उत्पादित र नियन्त्रित सोसल मिडिया हुन्। सोसल मिडियाले कसको कुन कुरा कसलाई देखाउने, कुन कुरा लुकाउने आदि नियन्त्रण गर्ने भएकोले यसको प्रभाव ठुलो पर्ने देखिन्छ। डिपस्टेटहरूले स्वयं व्यक्तिलाई थाहै नदिई उसलाई एजेन्टको रूपमा काम लगाइरहेको हुन्छ।

यसर्थ राम्रा सक्षम नेता र राम्रा पार्टीहरूले पैसा बाँड्ने, सोसल मिडियामार्फत अफवाह फैलाउने आदि कार्यविरुद्ध सावधानी अपनाउँदै नयाँ परिवेशअनुसार तयारी गर्न आवश्यक देखिन्छ। सोसल मिडियाको प्रभावकै एक हिस्साको रूपमा गत भदौ २३–२४ को जेनजी विद्रोहलाई लिनुपर्दछ। चुनावको बखत बुझ्नपर्ने एक सवाल ससाना राजनीतिक पार्टीहरू विभाजित हुने र दलबदल बढी हुने भएकोले मत संख्या थपिने वा भोट स्विङ हुने गर्दछ, र त्यही स्विङ भोटले मतपरिणाम अनपेक्षित बनाउन सक्दछ। त्यसैले, त्यस्ता दल वा समूहको साथ लिन सक्नुले परिणाम निर्णायक हुन सक्दछ।

**–बाँकी तीन पेजमा**

## योग्य, उम्मेदवार ...

अन्त्यमा, राम्रो नैतिकता र राम्रो भिजन भएको योग्य उम्मेदवार र राम्रो नीति भएको राजनीतिक पार्टी हुँदैमा, राम्रो काम गरेको प्रभाव भएको व्यक्तिलाई आँखा चिम्लेर जनताले भोट हाल्नेछन् भन्ने बुझ्नु सही होइन। भोट एक, प्रभाव अनेकबाट प्रभावित भई मतदान गर्ने गर्दछन्। समय परिवर्तनशील छ, नयाँ पुस्तालाई राजनीतिप्रति चासो छैन, उनीहरूमा वितृष्णा छ भन्दै गर्दा जेनजी विद्रोहले सबैलाई झस्काएको छ, आँखा खोलिदिएको छ। योग्य, नैतिकवान उम्मेदवार र राम्रो नीति भएको पार्टीलाई जनताले भोट दिँदैनन् भन्ने होइन, तर भोट दिने नेपालीहरूको मापदण्डहरू: पार्टीप्रति निष्ठा, आफ्नै वंश वा नातागोता, अप्ठ्यारो परेको समयमा कसले सहयोग गर्‍यो भन्ने आधार, आफ्नो शत्रुको ठीकविपरीत धारमा उभिने प्रवृत्ति, कसले जागिर दिलायो, भविष्यमा जागिर वा अन्य अवसर कसबाट प्राप्त हुन्छ, भोलि जेलनेल पक्राउ पर्दा कसले सहयोग गर्न सक्दछ भन्ने आडभरोसा, छरछिमेक वरपर साथीसंगीको प्रभावका कारण मतदान गर्ने गर्दछन्।

अझ पैसाले भोट किन्ने विकृतिले पैसा खर्च गर्ने उम्मेदवारले जित्ने र राम्रो र योग्य पराजित हुने गर्दछन्। उम्मेदवार र राजनीतिक पार्टीले चुनाव जित्न साम, दाम, दण्ड, भेद सबै प्रयोग गरेर चुनावमा होमिँदा अनपेक्षित खर्च हुने कारण कतिको घरव्यवहार बिग्रने, उठिबास हुने आदि घटनाहरू भएकाले त्यसरी होमिँदै गर्दा उम्मेदवारले आम नेपालीहरूको मतदान गर्ने मापदण्डलाई पनि समयमै ख्याल गर्नु वाञ्छनीय हुन्छ। लोकतन्त्रमा योग्य उम्मेदवार हार्नुको मुख्य कारण उम्मेदवार कमजोर हुनु होइन, मतदाताको निर्णय भावना र स्वार्थद्वारा निर्देशित हुनु हो। रातोपाटीबाट

## प्रादेशिक...

बुझ्ने क्रममा बुझ्ने व्यक्ति( आफन्त)बाटै कमजोरी भएको बताउँछन्। अस्पालमा शव कोडिङ गर्ने चलन नभएकोले यस्तो हुन गएको उनको स्पष्टोक्ति छ। यस घटनामा हामी लापरर्वाही स्वीकार्छौं, उनले भने। इलाका प्रहरी कार्यालय लहानले राधिका साहका दुई जना आफन्तलाई नियन्त्रणमा लिएको जनाएको छ। घटनाको विस्तृत छानविनपछि थप कारवाही अघि बढ्ने सिरहा प्रहरी प्रवक्ता(डिएसपी) रमेशबहादुर पालले जानकारी दिए।

## मूर्ति सेलाउनेक्रममा ...

झडपको रूप लिएपछि नेपाल प्रहरी र सशस्त्र प्रहरीले हस्तक्षेप गर्दै स्थिति नियन्त्रणमा लिनुपरेको थियो। घटनामा केही स्थानीय तथा सुरक्षाकर्मी सामान्य घाइते भएका छन्। रामपुरखाप क्षेत्रमा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरी सुरक्षा व्यवस्था कडा पारिएको छ।

# ८२ प्रहरीमाथि एकसाथ हेडक्वार्टरको छानबिन, तालिम नै नगरी ट्राफिकको ड्युटी



**नारायण अधिकारी**

काठमाडौं, १३ माघ। २ लाख रुपैयाँ असुलेर लागुऔषध कारोबारीलाई छाडेको आरोप लागेका दुई जना प्रहरी जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा छन्। प्रहरी हवल्दार धीरेन्द्र विष्ट र जवान सुजन कार्कीलाई प्रहरीले हिरासतमा लिएको हो। उनीहरूले लागुऔषध कारोबारीसँग रकम असुलेको पाइएपछि हिरासतमा राखेर अनुसन्धान अघि बढाइएको परिसरका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराई बताउँछन्।

अहिले हिरासतमा रहेका उनीहरू काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीमा कार्यरत थिए। सादा पोशाक (घुमुवा) प्रहरीको रूपमा कार्यरत विष्ट भने यसअघि पनि यस्तै प्रकृतिको घटनामा जोडिएका थिए। उनी २०७७ सालमा न्युरोडमा हुन्डीको १० लाख रुपैयाँ लुटपाटमा जोडिएका थिए। त्यतिबेला उनी जिल्ला प्रहरी परिसर काठमाडौंको घुमुवा प्रहरीको रूपमा कार्यरत थिए।

यो लुटपाट घटनामा सफाइ पाएपछि उनी जागिरमा फर्किएका थिए। उनै दागी विष्टलाई फेरि उपत्यका प्रहरी कार्यालयले सादा पोशाकमा खटाउँदा लागुऔषध कारोबारीसँगै रकम असुलेको भेटिएको हो। ‘कानुनको नरजमा सबै जना बराबरी हुन्छन् भन्ने सन्देश हो यो। प्रहरी नै भए पनि गल्ती गरेपछि उन्मुक्ति पाउँदैनन्,’ परिसरका एसपी भट्टराई भन्छन्।

सादा पोशाकका प्रहरी २ लाख घुससहित पक्राउ परेको यो पहिलो घटना भने होइन। सादा पोशाकमा रहेर काम गर्ने प्रहरीहरू पटकपटक विवादमा आउने गरेका छन्। चोरीदेखि रकम असुलीसम्म लाग्ने गरेको गुनासो व्यापक आउने गरेको छ। सादा पोशाकमा काम गर्ने प्रहरीमाथि धमाधम उजुरी र गुनासो आउने तथा उनीहरू रकम असुलीमा मुछिएको भेटिएपछि प्रहरी प्रधान कार्यालयले अहिले त्यस्ता प्रहरीलाई धमाधम हेडक्वार्टर झिकाइरहेको छ।

२० पुसमा मात्रै प्रहरी प्रधान कार्यालयको सञ्चार महाशाखाका उपशाखा अधिकारी इन्स्पेक्टर रविनराज मैनालीले हस्ताक्षर गर्दै एक पत्र जारी गर्दै ३२ प्रहरीलाई हेडक्वार्टर पठाउन निर्देशन दिएका थिए। कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी प्रदेशलाई सम्बोधन गरिएको पत्रमा भनिएको छ, ‘आवश्यक छानबिनको सिलसिलामा केही कुराहरू बुझ्नुपर्ने भएको हुँदा निम्न प्रहरी कर्मचारीहरूलाई आवश्यक सम्पूर्ण सर–सामग्रीसहित कार्यालय पोशाकमा २१ पुसमा कार्यालय समय भित्र यस महाशाखामा सम्पर्क गर्ने गरी उपस्थित गराइदिनुहुन भनी प्रहरी प्रधान कार्यालयको सुपरिवेक्षण तथा अनुगमन महाशाखाको च.नं. २३८४ को पत्र प्राप्त हुन आएको हुँदा तोकिएको समयमा उपस्थित हुने गरी खटाइ पठाउनुहुन निर्देशानुसार अनुरोध।’

यसरी गरिएको पत्राचारमा प्रहरी जवानदेखि प्रहरी नायव निरीक्षक (सई)सम्मको नाम उल्लेख छ। नाम उल्लेख भएका अधिकांशजसो मधेश प्रदेशमा कार्यरत छन्। यी ३२ जना मात्रै होइन अहिलेसम्म ८२ जनालाई प्रहरी हेडक्वार्टर झिकाएर छानबिन गरिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी अबिनारायण काफ्लेले बताए। ‘८२ जनालाई हेडक्वार्टर झिकाएका छौं। उजुरी छानबिन महाशाखाले छानबिन गरिरहेको छ,’ डीआईजी काफ्लेले भने।

संगठनको नीतिविपरीत काम गरेका, आर्थिक अनियमिततामा जोडिएका, उजुरी परेका, अवैध गतिविधि गरेको भन्दै विभिन्न पत्रपत्रिकामा नाम आएकाहरू अहिले छानबिनको दायरामा तानिएको उनले बताए। उनीहरूमाथि अहिले प्रहरी हेडक्वार्टरले छानबिन गरिरहेको छ। दोषी देखिएको अवस्थामा कसुर अनुसारको विभागीय कारबाही गर्ने तयारी गरिएको छ। यदि कोही छानबिनपछि निर्दोष देखिएको अवस्थामा भने सम्बन्धित कार्यक्षेत्रमा फर्काइने समेत हेडक्वार्टरले बताएको छ।

यसअघि सादा पोशाकमा कार्यरत प्रहरी कर्मचारी बदनाम भएको भन्दै १५ चैत २०८० मा तत्कालीन गृहमन्त्री रवि लामिछानेले सादा पोशाकमा प्रहरी परिचालन नगर्न प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिएका थिए। ‘हाल परिचालन गरिएका सादा पोशाकका प्रहरी कर्मचारीलाई (अपराध अनुसन्धान शाखामा कार्यरत बाहेक) तत्काल जिम्मेवारी परिवर्तन गरी नियमित युनिफर्म ड्युटीको जिम्मेवारी दिई निजहरूको काम, कारबाहीको समेत कार्यालय प्रमुखबाटै नियमित निगरानी गर्ने व्यवस्था मिलाउनुहुन निर्देशानुसार अनुरोध छ,’ गृहको परिपत्रमा भनिएको थियो।

सादा पोशाकमा कार्यरत प्रहरी बदनाम भएपछि २०७९ मा तत्कालीन डीआईजी (हाल एआईजीबाट अवकाश) टेकप्रसाद राईको नेतृत्वमा अध्ययन कार्यदलसमेत गठन गरिएको थियो। राई नेतृत्वको कार्यदलले तत्कालीन आईजीपी धीरजप्रताप सिंहलाई प्रतिवेदन बुझाएको थियो। सादा पोशाकमा परिचालन गरिने प्रहरी कर्मचारीको योग्यता र ट्र्याक रेकर्ड हेर्नुपर्ने कार्यदलले सुझाव दिएको थियो। सूचना संकलन र ह्युमन इन्टेलिजेन्सका लागि प्रयोग गरिने सादा पोशाकका प्रहरीले छुट्टै तालिम लिनुपर्ने गरी कार्यविधि बनाउन सिफारिस गरिएको थियो।

तर, यो प्रतिवेदनअनुसार कुनै काम नै भएन। अहिले लागुऔषध कारोबारीसँग २ लाख असुलेको आरोपमा हिरासतमा रहेका विष्ट स्वयं यसअघि १० लुटपाटमा जोडिएका व्यक्ति हुन्। ट्र्याक रेकर्डअनुसार हेर्ने हो भने उनी सादा पोशाकमा बसेर काम गर्न अयोग्य मानिन्छन्। तर राई कार्यदलले दिएको त्यो प्रतिवेदनविपरीत अहिले पनि सादा पोशाकका प्रहरी खटाउने काम जारी रहेको यो घटनाले पुष्टि गरेको छ। सादा पोशाकमा खटिने प्रहरी कर्मचारी बढीमा ४ वर्ष मात्र खटिन पाउने गरी कार्यविधि बनाउनुपर्ने सुझावसमेत राई कार्यदलले दिएको थियो। तर अहिले हेडक्वार्टर झिकाइएहरू ८ वर्षदेखि पनि सादा पोशाकमा बसेर काम गरेकाहरू छन्।

चार वर्ष सिभिलमा काम गरेपछि युनिफर्म ड्युटीमा फर्किनुपर्छ। कारबाहीमा परेकाहरू सादा पोशाकमा खटिन पाउँदैनन्। अहिले हेडक्वार्टर झिकाइएकाहरूले ट्राफिकको तालिम नै नलिई ट्रफिकको ड्युटी गरेकोसमेत भेटिएको हेडक्वार्टरका एक अधिकारी बताउँछन्। ‘ट्राफिक ड्युटीमा खटिएको छ, बुझ्दा ट्रफिक तालिम नै गरेको देखिँदैन। विशेषगरी तराईका जिल्लाहरूमा यस्ता खालका बेथितिहरू देखिन्छ,’ ती अधिकारीले भने। अनलाइनखबरबाट

# पर्सा–१ का मतदाता आक्रोशित, देखिएन चुनावी उत्साह

वीरगञ्ज, १३ माघ। पर्सामा राजनीतिक दलहरूले चुनावी अभियान चलाउन थालिसकेका छन्। फागुन २१ गते हुने निर्वाचनमा उम्मेदवार बनेका दलहरूले प्रचारप्रसार, मतदाता भेटघाटजस्ता कार्यक्रमलाई तीव्र बनाएका छन्। तर मतदातामा भने अझै चुनावी उत्साह देखिएको छैन। जनतामा चुनावी बहस र निर्वाचनलाई लिएर अझै अलमल नै छ। चुनाव हुने/नहुने विषयमा आम नागरिकमा संशय नै छ। पर्सा क्षेत्र १ मा हेभिवेट उम्मेदवार चुनावी मैदानमा उत्रिए पनि जनतामा भने उत्साह छैन।

जिल्लाको क्षेत्र नम्बर–१ मा प्रत्यक्ष निर्वाचिततर्फ ३० जनाको उम्मेदवारी परेको छ, तर मतदातामा को कुन दलबाट उम्मेदवार छन् खासै चासो नभएको पाइएको छ। पुराना दलबाट निर्वाचितहरूले केही काम गर्न नसकेको भन्दै उनीहरूमा बरु वितृष्णा छ, आक्रोश पनि उत्तिकै। उनीहरूले चुनावलाई ‘न हर्ष न विस्मात्’ कुनै पनि रूपले लिएका छैनन्। जनताका समस्याप्रति कसैले पनि चासो नदेखाएको भन्दै आक्रोश पोखिरहेका छन्। क्षेत्र नम्बर १ अर्थात् वीरगञ्ज महानगरपालिका–२३ का सबैठवा निवासी रामपुकार प्रसाद सबै दललाई टेस्ट गरिसकिएको भन्दै पुराना दलप्रति आक्रोश पोख्छन्। ‘पुराना दलहरूले जे भन्छन्, त्यो अनुसार गर्दैनन्,’ रामपुकार भन्छन्, ‘पुरानाहरूले विकास निर्माणदेखि लिएर सरकारी कलकारखाना सबै ध्वस्त बनाए, जसले गर्दा जनता बेरोजगार बने, तर नेताहरूलाई त्यसप्रति खासै चासो रहेन, यो हाम्रो दुर्भाग्य हो।’

तर यस पटक देशमा परिवर्तन हुने उनलाई लागेको छ। राजनीतिक दलहरूले विकास निर्माणसँगै शिक्षा र स्वास्थ्यमा ध्यान दिनुपर्ने, तर त्यो कसैले गर्न नसकेको उनी बताउँछन्। वीरगञ्ज–१४ निवासी ध्रुव पटेलले त यसपालिको चुनावलाई मतलब नै गरेका छैनन्। ‘नेताहरूले जनताका लागि के गरेका छन र ?’ आक्रोशित देखिएका उनी भन्छन्, ‘सबै उस्तै हुन्, गाउँका मान्छे जता जान्छन्, उतै गएर हामी मतदान गरदिन्छौँ।’ विकास निर्माणका कामदेखि सबै लथालिङ्ग हुँदा उनलाई चिन्ता लागेको छ, त्यसैले चुनावलाई उनले खासै चासो र प्राथमिकतामा राखेका छैनन्।

पेसाले किसान उनी खेतीपातीमै व्यस्त छन्। उनलाई लागेको छ– बरु किसानका लागि सरकारले मलखादको व्यवस्थापनतिर गरिदिएहुन्थ्यो। वीरगञ्ज महानगरकै मनियारी निवासी सुगिया देवीको प्रतिक्रिया पनि फरक छैन, उनी पनि निर्वाचनलाई लिएर खासै उत्साह नभएको बताउँछिन्। आफ्नो क्षेत्रमा आवास, नाला शिक्षा, स्वास्थ्यको अवस्था जटिल रहेको बताउने उनी भन्छिन्, ‘मुसहर बस्तीमा घरको समस्या छ, खानेपानीको अवस्था विकराल छ। नाला, सडक र गुणस्तरीय शिक्षाको व्यवस्था सरकारले गरिदिनुपर्छ।’ राजनीतिक दलहरूको घरदैलो सुरु भइनसकेकाले आफूले उम्मेदवार नचिनेको उनले बताइन्।

क्षेत्र १ मै पर्ने वीरगञ्ज–१८ का शिवशंकर प्रसादले यसअघि जितेका उम्मेदवारले आफ्ना आसेपासेलाई मात्रै पोसेको आरोप लगाए। ‘पुराना दलका नेताहरूले देशलाई लुटेर आ–आफ्नो घरमा थुपार्ने काम मात्रै गरे,’ आक्रोशसहित उनले आरोप लगाए, ‘जनतालाई करमाथि कर लगाएका छन्, जनतालाई फाइदा छैन, २०/२५ देखि नै यी नेताहरूको परीक्षण भइसक्यो।’ भोट माग्ने बेला मात्र जनतालाई चिन्ने नेतालाई यसपटक जनताले चिन्ने उनी बताउँछन्। उनका अनुसार पहिलापहिला गाउँबाट उठेका उम्मेदवारलाई मत हालिन्थ्यो, तर योपटक त्यस्तो हुँदैन। ‘बरु नयाँ

**–बाँकी अन्तिम पेजमा**

# मधेशका ३२ सिट : पुराना दलको बर्चस्व कि नयाँको उदय?

**मधेशबाट लामो समय राजनीति गरेको पार्टी छाडेर अन्य पार्टीबाट उम्मेदवार बन्ने ठूला नेतादेखि पूर्वमन्त्री, विभिन्न पार्टीका प्रमुख र भावी प्रधानमन्त्रीका दाबेदारसम्म चुनावी मैदानमा उत्रिएका छन्।**



**विनय आजाद**

सिरहा, १३ माघ। मधेश प्रदेशमा प्रतिनिधिसभाका कुल ३२ वटा निर्वाचन क्षेत्र छन्। जसका लागि १ हजार ५४ जनाको उम्मेदवारी परेको छ। सबैभन्दा बढी १ सय ५४ जनाले धनुषामा उम्मेदवारी दिँदा सप्तरीमा सबैभन्दा कम १ सय ४ जना उम्मेदवार चुनावी मैदानमा छन्। देशको सबैभन्दा ठूलो जनसंख्या भएको मधेश प्रदेश मधेशवादी दलको प्रभाव क्षेत्रका रूपमा रहँदै आएको छ। मधेशवादी दलको प्रभाव घटाउन र आफ्नो बर्चस्व बढाउन कांग्रेस, एमाले, नेकपालगायतका ठूला दलले हरेक चुनावमा यहाँ निकै मेहनत गर्ने भएकाले मधेशलाई चासोपूर्वक हेरिन्छ।

मधेशबाट लामो समय राजनीति गरेको पार्टी छाडेर अन्य पार्टीबाट उम्मेदवार बन्ने ठूला नेतादेखि पूर्वमन्त्री, विभिन्न पार्टीका प्रमुख र भावी प्रधानमन्त्रीका दाबेदारसम्म चुनावी मैदानमा उत्रिएका छन्।

**को कहाँबाट उम्मेदवार ?**

मधेशका चर्चित नेता जसपा, नेपालका अध्यक्ष उपेन्द्र यादव यसपालि सप्तरी–३ बाट उम्मेदवार बनेका छन्। २०७९ को चुनावमा सप्तरी २ बाट हारेका यादव उपनिर्वाचनमार्फत बारा–२ बाट निर्वाचित भई संसद् छिरेका थिए। यादवलाई पराजित गरेका जनमत पार्टीका अध्यक्ष सीके राउत भने यसपटक पनि सप्तरी–२ बाटै प्रतिस्पर्धामा छन्। रोचक त के छ भने राउतले नै आफ्नो जोडबलमा पार्टीबाट मधेश प्रदेशमा मुख्यमन्त्री बनाएका सतिश सिंह जनमत छाडेर स्वाभिमान पार्टीबाट राउतसँगै प्रतिस्पर्धा गर्न सप्तरी–२ बाट उम्मेदवार बनेका छन्। राउतसँगै सप्तरी–२ (१)बाट प्रदेश सभा सदस्यमा निवार्चित भएका उनी राजीनामा गरेर उम्मेदवार बनेका हुन्।

यसअघि सिरहा–२ बाट निर्वाचित भएका जसपा नेपालका उपाध्यक्ष तथा पूर्वमन्त्री राजकिशोर यादव आफ्नो पुरानै क्षेत्र सिरहा–४ मा फर्किएका छन्। जेन–जी आन्दोलनपछि बनेको सरकारमा युवा तथा खेलकुद मन्त्री बनेका बब्लु गुप्ता राजीनामा दिएर रास्वपाबाट सिरहा–१ मा उम्मेदवार बनेका छन्। एमाले उपमहासचिव रघुवीर महासेठ धनुषा–४ बाट चुनाव लडेका छन् भने धनुषा–३ बाट उनकी पत्नी जुलीकुमारी महतोको उम्मेदवारी परेको छ। धनुषा–३ बाटै कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधि र रास्वपा प्रवक्ता मनिष झा पनि चुनावी प्रतिस्पर्धामा होमिएका छन्।

नेकपा नेता मातृकाप्रसाद यादव धनुषा–१ बाटै उम्मेदवारी दिएका छन्। २०७९ मा उनी यस क्षेत्रबाट जसपा नेपालका दीपक कार्कीसँग पराजित भएका थिए। जसपा नेता एवं पूर्वमन्त्री शरतसिंह भण्डरी महोत्तरी २ र नेकपाका गिरिराजमणि पोखरेल क्षेत्र नम्बर १ बाट उम्मेदवार छन्। राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो र नेकपाबाट महेन्द्र राय यादव पुरानै क्षेत्र सर्लाही २ बाट प्रतिस्पर्धामा छन्। नेकपाका शीर्ष नेता नारायणकाजी श्रेष्ठ सर्लाही–३ मा आएर उम्मेदवार बनेका छन्। मधेशको अर्को चर्चित क्षेत्र हो सर्लाही–४। कांग्रेसले प्रधानमन्त्री उम्मेदवार घोषणा गरेका पार्टी सभापति गगन थापा यहीँबाट उम्मेदवार बनेका छन्। यतैबाट रास्वपाबाट पूर्वकांग्रेसीसमेत रहेका अमरेश सिंह चुनावी मैदानमा उत्रिएका छन्।

रौतहट–१ मा नेकपाबाट पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल उम्मेदवार बनेका छन् भने क्षेत्र नम्बर ३ मा आम जनता पार्टीका अध्यक्ष प्रभु साह उम्मेदवार छन्। यस्तै, रौतहट–४ मा आजपाबाट सञ्चारकर्मी ऋषि धमला उम्मेदवार छन्। कांग्रेसबाट यहाँ दुई पटक निर्वाचित देवप्रसाद तिमिल्सिनाको उम्मेदवारी यसपल्ट पनि परेको छ।

कांग्रेस सहमहामन्त्री फरमुल्लाह मन्सुर बारा–३ बाट उम्मेदवार छन् भने जसपाबाट पर्सा–१ मा चुनाव जित्दै आएका प्रदीप यादव चुनावको मुखैमा पार्टी फेरेर एमालेबाट उम्मेदवार बनेका छन्। पर्सा–२ मा कांग्रेसले पूर्वमन्त्री अजय चौरसियालाई नै दोहोऱ्याएको छ। यसरी राजनीतिमा स्थापित, चर्चित र नयाा उम्मेदवारहरूको उपस्थितिले मधेशको चुनावलाई रोमाञ्चक बनाइदिएको छ।

**नयाँलाई मत तान्न, पुरानालाई जोगाउन चुनौती**

मधेशमा मनोनयनपछि निर्वाचनलाई लक्षित गर्दै चुनावी चहलपहल तीव्र बनेको छ। नयाँ, पुराना दलका र स्वतन्त्र उम्मेदवारहरूले घरदैलो, सभा–सम्मेलन र रणनीतिक भेटघाटलाई गति दिएका छन्। सडकदेखि सामाजिक सञ्जालसम्म चुनावी बहस बढिरहेको छ। मुलुकका अन्य भेगमा झैँ मधेशमा पनि नयाँ पुराना दल बहसको केन्द्रमा छन्। पुराना दलप्रति नागरिकमा व्यापक असन्तुष्टि छ। भ्रष्टाचार, कुशासन, गुटबन्दी र जनअपेक्षा पूरा गर्न नसकेकोजस्ता आरोप पुराना दलहरूमाथि छ। जसकारण पुराना र स्थापित दललाई आफ्नै संगठनको मत जोगाउन पनि चुनौतीपूर्ण देखिएको छ।

तर, यति भनिरहँदा नागरिकको असन्तुष्टिलाई आधार बनाएर उदाउने प्रयासमा रहेको नयाँ राजनीतिक शक्तिलाई पनि मत तान्न सहज नभएको पूर्वशिक्षक मिर्चैयाका विष्णुप्रसाद यादव बताउँछन्। सामाजिक सञ्जालमा देखिएको लहरले सहरी क्षेत्रमा प्रभाव पार्नसक्ने भए पनि ग्रामीण भेगमा भने चर्चालाई मतमा बदल्न कठिन हुने उनको विश्लेषण छ। 'ग्रामीण क्षेत्रमा सामाजिक सञ्चालमा चर्चाभन्दा पनि संगठन, उम्मेदवारको सार्वजनिक छवि, व्यक्तिगत लगाव र यहाँका मुद्दाका आधारमा मत खस्ने गर्छ,' उनी भन्छन्, 'पुराना पार्टीसँग स्थापित र अनुभवी उम्मेदवार छ, तर नयाँ दलले अधिकांश ठाउँमा अप्रत्यासित रूपमा आएजस्तो स्थानीयस्तरमा परिचित नै नरहेका नयाँ मान्छे खडा गरेको छ, जसकारण नयाँ दलले जनआक्रोश र चर्चालाई सहजै मतमा रूपान्तरण गर्न सक्दैन।'

मधेशमा राजनीतिक चेतना भएका ठूलो संख्यामा रहेका मतदाता संघीयता, स्वशासन, समावेशिता, पहिचान र अधिकारका मुद्दामा संवेदनशील रहने गर्छन्। तर, नयाँ दलका रूपमा चर्चामा रहेको राष्ट्रिय स्वतन्त्र पार्टी यी मुद्दाहरूप्रति औपचारिक रूपमा अस्पष्ट रहेको आरोप लाग्दै आएको छ। जसकारण पुराना दलप्रति आक्रोश र असन्तुष्टि भए पनि यहाँका अधिकांश मतदातामा अलमलताको स्थिति रहेको राजनीतिक विश्लेषक रणधीर चौधरी बताउँछन्। तर, यससँगै मधेशमा राज्यप्रति अविश्वास, विगतका अधुरा वाचा तथा नयाँ र पुराना दलका आ–आफ्नै विशेषता अनि कमजोरीका कारण यहाँका मतदाता संवेदनशील पनि रहेको उनको भनाइ छ।

'परम्परागत पुराना दलमाथि चरम असन्तुष्टि त छ, तर चर्चामा रहेको नयाँ दल पनि मधेशका लागि भरोसायोग्य देखिएको छैन, प्रदेशसभाको चुनाव नै बहिष्कार गरेको रास्वपाको विगत छ,' उनी भन्छन्, 'त्यसैले मतदातामा असन्तुष्टिबीच अलमल छ, राजनीतिक चेतना भएका मतदाता संवेदनशील पनि छन्।'

द्रुतमार्गमा प्रधानमन्त्री कार्कीको निरीक्षण :

# धार्मिक विश्वास र सम्पदालाई असर नपार्न निर्देशन



काठमाडौं, १३ माघ। प्रधानमन्त्री सुशीला कार्कीले सडक पूर्वाधारलगायतका विकास निर्माण अघि बढाउँदा धार्मिक विश्वास र सांस्कृतिक सम्पदालाई असर पुऱ्याउन नहुनेमा जोड दिनुभएको छ। सर्वाधिक महत्वको प्राथमिकता प्राप्त राष्ट्रिय गौरवको आयोजना काठमाण्डौ–तराई मधेश द्रुतमार्ग निरीक्षणका क्रममा आज सडक निर्माण कार्यदलद्वारा ललितपुरको खोकनामा आयोजित कार्यक्रममा उहाँले स्थानीयको सरोकारलाई गम्भीर रूपमा लिई समाधान खोज्न निर्देशन दिनुभयो।

प्रधानमन्त्री कार्कीले आवश्यक परेको खण्डमा रेखांकन र जिरोविन्दु समेत परिवर्तनका लागि तयार हुनुपर्ने बताउनुभयो। यसअघि प्रधानसेनापति अशोकराज सिग्देल र आयोजना प्रमुख उपरथी धर्मेन्द्र झाले आयोजनाको अहिलेसम्मको कार्य प्रगति, चुनौतीलगायतका विषयमा प्रधानमन्त्री कार्कीलाई जानकारी गराउनुभएको थियो। नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन द्रुत मार्गको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) स्वीकृतमा समय लाग्दा आयोजनाको काम शुरु गर्न केही ढिलाइ भएको थियो। कुल ७०.९७७ किलोमिटर लम्बाइको आयोजनाको भौतिक प्रगति अहिलेसम्म झन्डै ४५ प्रतिशत हाराहारी छ।

द्रुतमार्गअन्तर्गत ८७ वटाभन्दा बढी पुल निर्माण गर्नुपर्नेछ। तीमध्ये केही विशिष्ट प्रकृतिका ८२ मिटरसम्म अग्ला पुल छन्। त्यस्ता पुलसमेत निर्माणको अन्तिम चरणमा पुगिसकेकाले आयोजना निर्धारित मिति आउँदो २०८३ चैत मसान्त र प्रारम्भिक अनुमानित लागत २ खर्ब १३ अर्बभित्रै निर्माण सम्पन्न गर्ने सेनाले जनाएको छ। यो काठमाण्डौ उपत्यकासँग मध्यतराईको सिधा सम्पर्क जोड्ने छोटो दूरीको राजमार्ग हुनेछ। निर्माणपछि तराईबाट काठमाण्डौ ल्याइने सामान ढुवानीमा ठूलो मात्रामा लागत र समय घट्ने तथा देशको आर्थिक विकासमा टेवा पुग्ने अपेक्षा छ। आयोजनाअन्तर्गतका सात वटा सुरुङ छन्। सेनाले आयोजनाको लक्ष्यअनुसार कार्यसम्पन्न गर्न विशेष प्रयास गरिरहेको सेनाले जनाएको छ।

## पर्सा–१ का मतदाता...

अनुहारलाई सहयोग गरिन्छ, नयाँ अनुहारले नै केही गर्छ कि भन्ने आशा छ,' उनले भने। त्यसकारण योपटक धेरै सोचेर मतदान गर्ने उनले बताए।

यही क्षेत्रका असर्फी साह भने चुनावी सरगर्मी बढे पनि, चहलपहल हुन थाले पनि चुनाव हुने/नहुने ग्यारेन्टी देख्दैनन्। वीरगञ्ज–२२ का सिकेन्द्र साह कानु २०४६ सालदेखि नै पुराना पार्टीले जनताको समस्या नदेखेको बताउँछन्। पुराना दलप्रति आक्रोश पोखेका उनले यसपटक धेरै उलटफेर हुने सक्ने आकलन गरेका छन्। वडा नम्बर १५ नम्बर सत्यदेव यादवलाई पनि चुनाव होला/नहोला शंका लागेको छ। चुनाव भए पनि कुनै दलको बहुमत नआउने उनले देखेका छन्। नयाँ दलको पनि ठोस एजेन्डा नभएकाले कुनै पनि दलप्रति उनलाई चासो छैन। चुनावी माहोल बनिसक्दा पनि जनता निराश रहेका उनी बताउँछन्। चुनावबाट पनि देशमा स्थिरता आउने उनी देख्दैनन्। 'नयाँ दलसँग पनि खासै एजेन्डा छैन, त्यसमा प्रवेश गरिरहेकाहरू पनि उस्तै देखिए। बालेनको महत्त्वाकांक्षा बढी देखिएको छ, जुनकारण यो दलप्रति पनि जनताको आशा कम हुँदै गइरहेको छ,' उनी तर्क गर्छन्।

**हेभिवेट तीन उम्मेदवार**

पर्सा क्षेत्र नम्बर १ मा ३० जनाको उम्मेदवारी परेको छ। विशेषतः यहाँ तीन जनालाई हेभिवेट उम्मेदवार मानिएको छ। नेपाली कांग्रेसका अनिल रुंगटा, नेकपा एमालेका प्रदीप यादव र रास्वपाका हरि पन्तबिच यहाँ कडा टक्कर हुने अनुमान गरिएको छ। पुराना दलहरूलाई आफ्नै संगठनको बल र नयाँप्रति जनताको आकर्षण देखिएको छ। यो क्षेत्रमा कांग्रेसका एक उपमेयरसहित चार वडाध्यक्ष निर्वाचित छन्। यो निर्वाचन क्षेत्रमा मात्र नेपाली कांग्रेसका करिब २३ सय क्रियाशील सदस्य रहेका कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मी बताउँछन्। उनका अनुसार यहाँका सबै वडामा इकाइ समितिसमेत गठन भएका छन्। यता एमालेका भने यस क्षेत्रमा १४ जना वडाध्यक्ष रहेका एमाले केन्द्रिय सदस्य प्रभु हजारा दाबी गर्छन्। यो १४ जनामा उनले जसपा नेपालका वडाध्यक्षसमेत गणना गरेका हुन्। नत्र यहाँ एमालेबाट मात्रै निर्वाचित वडाध्यक्षको संख्या ६ रहेको उनी बताउँछन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)